*अध्याय दुई*

# रेडियो अध्ययनः सैद्धान्तिक धरातल र हाम्रो प्रयास

## देवराज हुमागाईं, प्रत्यूष वन्त र शेखर पराजुली

रेडियो नेपालको एफएम काठमाडौँ २०५२ सालमा सुरु भएदेखिको अवधिसमेत हिसाब गर्दा नेपालमा एफएम रेडियोले एक दशकको यात्रा पूरा गरेको छ । यद्यपि गैरराज्य क्षेत्रबाट स्थापित एफएम रेडियोले गति लिन थालेको २०५४/५५ सालदेखि मात्रै हो । तसर्थ नेपालमा एफएम रेडियोको इतिहास छोटो र अपरिपक्व छ । सुरुआतमा यो नेपालीका लागि नौलो वस्तु र प्रविधि त थियो नै, त्यसमाथि गैरराज्य क्षेत्रबाट रेडियो सञ्चालन गरिनु अर्को अचम्मको कुरा थियो । सुरुका तीन चारवर्ष नेपाली समाजले एफएम रेडियोको सकारात्मक र नकारात्मक पक्षबारे बहस, विवाद गरेरै बितायो । 'शुद्ध' नेपाली भाषा प्रयोग नगरेको, माया-प्रेमका कुरा गरेको तथा विदेशी संस्कृतिको चर्चा गरेकाले यसले समाज र संस्कृतिलाई भत्काउने भयो भन्ने आरोप एकथरीले लगाए । अर्काथरीले एफएम रेडियो जनताको रेडियो हो, यसका धेरै सकारात्मक पक्ष पनि छन् भन्दै प्रतिवाद गरे ।

२०६२ सालसम्म आइपुग्दा एफएम रेडियो स्टेसनको सङ्ख्यात्मक वृद्धिसँगै समाजमा यसबारे चासो पनि निकै बढ्दै गएको छ । फलस्वरूप एफएम

रेडियोका विविध पक्षलाई लिएर विभिन्न शोध, अध्ययन हुने क्रम बढेको छ । छापाहरूमा यसका विविध पाटा केलाउँदै विश्लेषणात्मक टीकाटिप्पणी आउने क्रममा बढोत्तरी भएको छ । अनुसन्धानकर्ता, विद्यार्थी, रेडियोकर्मी, प्रशिक्षार्थी, आदिको आवश्यकतालाई दृष्टिगत गरी सन्दर्भ सामग्री, पाठचपुस्तक वा म्यानुअलहरू लेखिने र प्रकाशन गर्ने प्रक्रियाले पनि गति लिएको छ ।

पछिल्ला दिनमा एफएम रेडियोबारे हुने बहस सार्थक चरणमा प्रवेश गरेको आभाष हुन्छ । देशका कुनाकुनामा स्थापित एफएम रेडियोका कार्यक्रमबाट स्थानीय बासिन्दाले के-कति पाए वा पाएनन् भन्नेतर्फ बहस अगाडि बढ्दै छ । एफएम रेडियोहरूबाट प्रसारण हुने समाचार वा समाचारमूलक कार्यक्रमबारे पछिल्ला दिनमा तुलनात्मक रूपले बढी चर्चा परिचर्चा हुन थालेको छ । यसले कुनाकन्दराका नेपाली समाजलाई सुसूचित गराउन धेरै नै सहयोग पुऱ्याएको कुरालाई लिएर पत्रपत्रिकामा सकारात्मक प्रतिक्रियासहितका साना ठूला रिपोर्टिङहरू प्रकाशन हुने गरेका छन् । तर एफएम रेडियोबाट प्रसारण हुने ती समाचार वा समाचारमूलक कार्यक्रमका विभिन्न पक्ष जस्तैः यस्ता कार्यक्रम निर्माणको प्रक्रिया, तिनमा समेटिने विषय, त्यसको प्रभाव, जनशक्ति, यस्ता कार्यक्रमप्रति स्टेसनको रुचि, आदिलाई लिएर खासै अध्ययन भएको पाइन्न ।

समाचार सामग्रीको उत्पादन के-कसरी हुन्छ, भइरहेछ भन्ने त नेपाली मिडिया अध्ययनमा पटक्कै नछोइएको क्षेत्र हो । केही अपवादबाहेक न छापा न विद्युतीय माध्यममा उत्पादन हुने समाचार सामग्रीबारे लेखिएको छ । रेडियोको कुरा गर्दा ध्रुव थापा (२०६१ख) को रेडियो नेपालको समाचार प्रसारणसम्बन्धी ऐतिहासिक जानकारीमूलक लेख, प्रज्ज्वलराज चापागाईं (२०६१) को कार्यक्रम *घटना र विचार* बारेको लेख र श्रीराम पौडेल (२०६१) को एफएम रेडियोहरूमा समाचारमूलक कार्यक्रमको बिस्तारसम्बन्धी विवरणात्मक अध्ययनबाहेक समाचार या समाचारमूलक कार्यक्रमबारे उल्लेख्य केही लेखिएको पाइँदैन । यही कुरा 'टक शो' माथि पनि लागू हुन्छ । प्रत्यूष वन्त (२०५९) को लेख यसको अपवाद हो । हामीले गरेको यो अध्ययनले त्यो खाडल कम गर्ने विश्वास गरिएको छ ।

यस लेखलाई मुख्यतः तीन खण्डमा बाँडिएको छ । पहिलो खण्डमा नेपाली एफएम रेडियोबारे उपलब्ध विभिन्न सामग्रीको सङ्क्षिप्त विवेचना गरिएको छ । दोस्रो खण्डमा समाचार उत्पादनका सैद्धान्तिक पाटाहरूको चर्चा गर्दै हाम्रो यस अध्ययनलाई तिनै सैद्धान्तिक अवधारणाअन्तर्गत रही केलाउने प्रयास गरिएको छ । लेखको तेस्रो खण्डमा हाम्रा अध्येताहरूले आफ्ना अध्ययनबाट निकालेका निचोडको सारसङ्क्षेप प्रस्तुत गरिएको छ ।

## एफएम रेडियोका सामग्रीः सङ्क्षिप्त विवेचना

एफएम रेडियोसम्बन्धी लेख, कार्यपत्र तथा हालसम्म भएका अध्ययन तथा लेखनबारे सङ्क्षिप्त चर्चा गर्ने क्रममा ती सामग्रीलाई जम्माजम्मी सात भागमा बाँडिएको छ ।


### *सम्भाव्यता अध्ययन*

एकथरी सामग्री एफएम रेडियो स्थापनाबारे सम्भाव्यता अध्ययन गरिएका प्रतिवेदनका रूपमा आएका छन् । एफएम रेडियो स्थापना गर्नुअघि सामाजिक, आर्थिक र प्राविधिक हिसाबले उपयुक्त छ-छैन भन्ने जान्न यस्ता अध्ययन हुने गरेको पाइन्छ । २०५० सालतिर नेपाल वातावरण पत्रकार समूहको अनुरोधमा युनेस्कोका प्रतिनिधिहरूद्वारा सामुदायिक रेडियो स्थापनाका लागि यस्तै सम्भाव्यता अध्ययन गरिएको थियो, जुन अध्ययनका आधारमा पछि रेडियो सगरमाथा स्थापना भएको थियो । यो नै एफएम रेडियो स्थापनार्थ भएको पहिलो सम्भाव्यता अध्ययन थियो । युनेस्कोले शिक्षा मन्त्रालयको अनुमति लिएर गरेको सो अध्ययनको प्रतिवेदन छोटो समयमै शिक्षा मन्त्रालयमा बुझाइएको थियो (मैनाली २०५९कः २८) । खास गरी सामुदायिक रेडियो स्थापनाको सम्भावना पहिल्याउन तथा सम्भावना देखिएका खण्डमा त्यसका लागि आवश्यक प्रविधि, जनशक्ति, सीप तथा तालिम, कार्यक्रमको प्रकृति, आर्थिक स्रोत परिचालन जस्ता यावत पक्षबारे यो अध्ययनले मार्गदर्शन गरेको थियो (अर्नाल्डो र जेल सन् १९९४) ।

रेडियो नेपालले पनि २०५० सालमै एफएम रेडियो प्रसारणको सम्भाव्यता पत्ता लगाउन आफ्नै कर्मचारीहरूको एक कार्यदल बनाई अध्ययन गरायो । उक्त कार्यदलले रेडियो नेपालको प्राविधिक क्षमता, जनशक्ति तथा सम्भाव्य आर्थिक आयव्ययको मूल्याङ्कन गर्दै स्थापना गर्न उपयुक्त छ भन्ने प्रतिवेदन दिएको थियो (कार्की २०५०) । त्यस्तै मोरङको सुन्दरपुर गाउँ विकास समितिले पनि सामुदायिक रेडियो सञ्चालनार्थ एउटा अध्ययन गराएको थियो । काठमाडौँस्थित कम्युनिकेसन कर्नरद्वारा गरिएको उक्त अध्ययन सुन्दरपुर गाउँ विकास समितिको जनसाङ्ख्यिक स्थिति, साक्षरता दर, आर्थिक स्थितिलगायत त्यहाँका जनताको रेडियो श्रवण प्रचलनबारे जानकारी हासिल गर्ने उद्देश्यले गरिएको थियो । यस अध्ययनले गाउँ विकास समितिले रेडियो सञ्चालन गर्न उपयुक्त हुने निष्कर्ष दिएको थियो (कम्युनिकेसन कर्नर सन् १९९९) । सामुदायिक रेडियो सहयोग केन्द्र, नेपाल वातावरण पत्रकार समूहले पनि सामुदायिक रेडियो स्थापना गर्न चाहनेहरूका लागि निःशुल्क रूपमा सम्भाव्यता अध्ययन गरिदिने गरेको पाइन्छ ।

### *पाठ्यपुस्तक तथा म्यानुअल*

एफएम रेडियोबारे उपलब्ध अर्काखाले सामग्रीमा रेडियो स्टेसन स्थापना गर्नेदेखि त्यसको सञ्चालन, कार्यक्रम उत्पादन र उद्घोषण तथा रणनीतिक योजना तर्जुमा गर्न सघाउने सहयोगी-पुस्तक पर्दछन् । सामुदायिक रेडियोको स्थापना र प्रवर्द्धनमा




तस्बिर २.१: नेपाल प्रेस इन्स्टिच्यूटद्वारा प्रकाशित पुस्तक, २०५९ ।

सहयोग गर्न खुलेका विकास सञ्चार केन्द्र, नेपाल वातावरण पत्रकार समूह अन्तर्गतको सामुदायिक रेडियो सहयोग केन्द्र, एन्टेना फाउण्डेशन नेपाल, आदिद्वारा उत्पादित/प्रकाशित पुस्तक यस कोटीमा पर्छन् । खास गरी सामुदायिक रेडियो स्थापना गर्न चाहनेले इजाजत-पत्र लिने जस्ता प्रक्रियागत कुरादेखि स्टेसनको स्थापना, रणनीति तर्जुमा, कार्यक्रम उत्पादन र प्रसारण आदिमा अल्झिन नपरोस् भनेर तत्सम्बन्धी म्यानुअलहरू प्रकाशन गरिएको पाइन्छ । *एफएम रेडियो स्टेसन: इजाजत प्रक्रियासम्बन्धी निर्देशिका* (विष्ट २०५७), *सामुदायिक रेडियो स्थापना र सञ्चालनका लागि*

*सहयोगी पुस्तिका* (कसजू सन् २०००), *सामुदायिक रेडियो प्रसारण निर्देशिका* (मैनाली र अरू २०५८), *रेडियो कार्यक्रम* (पौडयाल २०६०) *सामुदायिक रेडियोः रणनीतिक योजना तर्जुमा निर्देशिका* (सुब्बा र मैनाली २०६१) तथा *सामुदायिक रेडियो स्वयंसेवक व्यवस्थापन र कार्यक्रम उत्पादन* (आचार्य सन् २००४), *नेपालमा सामुदायिक रेडियो* (अधिकारी २०५९क) *सामुदायिक प्रसारणः अवधारणा र सीप* (गुरागाईं सन् १९९८) आदि त्यस्ता म्यानुअलहरू हुन् । यी पुस्तक खास गरी प्रसारकलाई लक्ष गरेर तयार गरिएको हुन ।

रेडियो पत्रकारिता तथा उद्घोषण पेशामा लाग्न चाहने विद्यार्थी तथा प्रशिक्षार्थीका लागि कार्यक्रम उत्पादन र उद्घोषणका विविध कलालगायत अन्य पक्षबारे जानकारी दिने पुस्तकहरू पनि उपलब्ध छन् । एफएम रेडियोको बिस्तारसँगै बढेका उद्घोषण तथा रेडियो पत्रकारिता प्रशिक्षण केन्द्र तथा विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा आधारित रही पाठ्यपुस्तक तयार पारिएका छन् । पत्रकारिता प्रशिक्षणमा लागेका नेपाल प्रेस इन्स्टिच्यूटदेखि विभिन्न थरीका यस्ता पुस्तक प्रकाशनमा संलग्न विद्यार्थी पुस्तक भण्डार, पैरवी प्रकाशन आदिद्वारा पुस्तक निकालिएको पाइन्छ । रेडियोसम्बन्धी पुस्तक सामग्रीहरूको कोटीमा पाठ्यपुस्तकको सङ्ख्या अधिक छ । *रेडियो पद्धति* (मैनाली २०६०), *रेडियोः बोलीको भाषा लेख्ता...* (खनाल र पौडयाल २०५६), *रेडियोकर्मीः अवधारणा र अभ्यास* (खरेल र देउजा २०५९), *उद्घोषण कला* (निर्मलमणि अधिकारी २०६१), *उद्घोषण संसार* (सुनुवार २०६१) *श्रव्य दृष्य पत्रकारिता* (खनाल २०६२) आदि पाठ्यपुस्तकका केही उदाहरण हुन् ।

## *स्रोत सामग्री*

एफएम रेडियोसम्बन्धी प्रकाशित वा यसबाट प्रसारित सान्दर्भिक स्रोत सामग्रीहरूलाई बटुलेर सम्पादन गरी एउटै स्थानमा सहजतापूर्वक उपलब्ध गराउने हिसाबले पनि विभिन्न पुस्तक प्रकाशित छन् । यसमा नीति, ऐन, कानून तथा अदालतका फैसलादेखि विभिन्न स्थानमा प्रकाशित वा अप्रकाशित, छरिएर रहेका लेख सामग्रीको सङ्कलनका रूपमा प्रकाशित पुस्तकलाई लिन सकिन्छ । यसैमध्ये नेपाल वातावरण पत्रकार समूह, सामुदायिक रेडियो सहयोग केन्द्रद्वारा प्रकाशित *रेडियो वचन* (मैनाली २०५९ख) एक हो । रेडियोकर्मी अथवा रेडियोकर्मी बन्न चाहने प्रशिक्षार्थीलाई आचारसंहितासम्बन्धी सामग्री एकै ठाउँमा उपलब्ध गराउने उद्देश्यले यो पुस्तक तयार पारिएको देखिन्छ । आचारसंहिताको इतिहास, अवधारणा र परिभाषाबाट सुरु गरिएको यस पुस्तकमा नेपाली पत्रकारितामा भएका अभ्यास,

मुद्दा तथा क्षेत्रहरू समेटिएको छ । नेपाललगायत अन्यत्र प्रचलित पत्रकारितासम्बन्धी आचारसंहिताका साथै सूचना सम्प्रेषणको सवालमा आकर्षित हुने संविधान, ऐन/कानून र घोषणापत्रका सान्दर्भिक बुँदाहरूसमेत यसमा दिइएको छ । समग्रमा पेशागत आचारसंहितामा पुस्तक केन्द्रित छ ।

*सामुदायिक प्रसारण: प्रस्तावित कानून तथा सर्वोच्च अदालतको फैसला* (मैनाली २०५९ग) पनि यस्तै अर्को सन्दर्भ पुस्तक हो । २०५७ साल माघमा एफएम रेडियोका कार्यक्रम प्रसारण सम्बन्धमा सरकारद्वारा जारी निर्देशन, त्यस सम्बन्धमा छापामा उठेका प्रतिक्रिया तथा सोही मुद्दामा २०५८ साल साउनमा सर्वोच्च अदालतले दिएको फैसला पुस्तकमा समावेश छ । त्यसबाहेक सतीशकृष्ण खरेलद्वारा तयार गरिएको प्रस्तावित सामुदायिक र गैरव्यापारिक प्रसारण विधेयक २०५९ पनि पुस्तकमा राखिएको छ । एफएम रेडियोका विविध पक्षलाई लिएर बेलाबेलामा भएका गोष्ठी, सेमिनारमा प्रस्तुत कार्यपत्र र सहभागीका सान्दर्भिक मन्तव्यलाई समेटिएका कार्यशाला प्रतिवेदन अर्काथरी सन्दर्भ-सामग्री हुन् । यसको उदाहरणमा सामुदायिक रेडियोसम्बन्धी दक्षिण एशियाली सेमिनारको प्रतिवेदन (नेफेज र वर्ल्ड भ्यू नेपाल सन् १९९३) तथा *नेपालमा सामुदायिक रेडियो: महत्त्व, चुनौती र सम्भावनाहरू* (खनाल २०५६) लाई लिन सकिन्छ ।

कार्यक्रम सञ्चालक भई प्रसारण गरेका सामग्रीलाई छनोट र सम्पादन गरी पुस्तक प्रकाशन गर्ने क्रम पनि सुरु भइसकेको छ । रेडियो सगरमाथामा *उहिले बाजेका पालामा* कार्यक्रम चलाउने भैरव रिसाल (२०५७) द्वारा सम्पादित पुस्तक *उहिले बाजेका पालामा*, हिट्स एफएममा *मेरो कथा मेरो गीत* कार्यक्रम चलाउने कल्याण गौतम (२०५९) द्वारा सम्पादित पुस्तक *डियर कल्याण: मेरो कथा मेरो गीत (भाग १)*, अन्नपूर्ण एफएममा *मनको चौतारी* कार्यक्रम चलाउने दीपेन्द्र श्रेष्ठ (२०६०) द्वारा सम्पादित पुस्तक *मनको चौतारी* तथा सगरमाथामा रेडियो कुराकानी गर्ने चट्याङ मास्टरको पुस्तक *चट्याङ मास्टर* (२०६२) बजारमा आइसकेका छन् ।

## *स्मारिका तथा बुलेटिन*

एफएम रेडियो स्टेसनहरूले आफ्नो वार्षिक उत्सव वा संस्थाको साधारण सभाको अवसर पारेर स्मारिका प्रकाशन गर्ने गरेको पाइन्छ । यस्ता स्मारिकामा स्टेसनसँग सम्बन्धित व्यक्ति वा श्रोताका संस्मरण, अनुभव, वार्षिक प्रगति विवरण, स्टेसनको इतिहास तथा विकासक्रम, आदि सामग्री पाइन्छन् । सरसर्ती हेर्दा पोखराको अन्नपूर्ण एफएमले *अन्नपूर्ण स्मारिका* (श्रेष्ठ सन् २००२, सन् २००३), पोखराकै

हिमचुली एफएमले *हिमचुली बुलेटिन* (बास्तोला २०५९), माछापुच्छ्रे एफएमले *माछापुच्छ्रे तरङ्ग* (भण्डारी २०६०), रेडियो लुम्बिनीले *शान्तिको आवाज स्मारिका* (मोहन चापागाईं २०६१), काठमाडौं महानगरपालिकाले *मेट्रो एफएम स्मारिका* (मानन्धर २०६०, बडाल २०६१क), आदि प्रकाशन गरेको पाइन्छ ।




तस्बिर २.२ः रेडियो लुम्बिनीद्वारा प्रकाशित स्मारिका, २०६१ ।

अर्कातिर एफएम रेडियोसम्बन्धी (विशेषगरी सामुदायिक रेडियोसम्बन्धी) देशभर भएका विभिन्न गतिविधिबारे जानकारी दिने उद्देश्यले आवधिक बुलेटिन पनि प्रकाशन भएको पाइन्छ । नेपाल वातावरण पत्रकार समूह, सामुदायिक रेडियो सहयोग केन्द्रले नेपालीमा *रेडियो* तथा अङ्ग्रेजीमा *अफ एयर* नामक त्रैमासिक बुलेटिन प्रकाशन गरेको थियो । यद्यपि यी बुलेटिनले निरन्तरता भने पाउन सकेको देखिँदैन । २०५७ फागुनदेखि प्रकाशन सुरु गरिएका यी बुलेटिनमध्ये अङ्ग्रेजी बुलेटिन पाँच अङ्क प्रकाशन भएपछि बन्द भयो भने नेपाली बुलेटिन

२०५७ चैतदेखि २०६१ असारसम्म १२ अङ्क प्रकाशन भएपछि बन्द भएको छ । त्यस्तै विश्वभरि कै सामुदायिक रेडियोहरूको छाता सङ्गठन अमार्कको एसिया प्रशान्त क्षेत्रीय कार्यालय, काठमाडौँले पनि *अमार्क* नामक बुलेटिनको प्रकाशन सुरु गरेको छ । २०६२ जेठमा पहिलो अङ्क (अमार्क २०६२) प्रकाशन भएको यस बुलेटिनमा पनि सामुदायिक रेडियोसम्बन्धी विभिन्न गतिविधि र सामग्रीहरू समेट्ने गरिएको छ ।

### *फुटकर लेख तथा कार्यपत्र*

एफएम रेडिया स्थापना हुनुअघिदेखि नै छापामा यसबारे लेखहरू प्रकाशन हुने तथा गोष्ठी सेमिनारमा कार्यपत्र प्रस्तुत हुँदै आएको पाइन्छ । एफएम प्रसारण सुरु भइसकेपछिका अवधिमा रेडियो विकासका साथै विद्यमान नीति, नियम तथा कानूनका विभिन्न दफा उद्धृत गर्दै तिनका सकारात्मक र नकारात्मक पक्ष केलाइएका विश्लेषणमूलक लेख उपलब्ध छन् । चिरञ्जीवी खनाल, लालदेउसा राई, प्रवलराज पोखरेल र बद्री पौडयालले *बहुलवादी नेपाली समाजमा आमसञ्चार* (खनाल र अरू २०५४) पुस्तकमा 'नेपालमा रेडियो' शीर्षकअन्तर्गत राष्ट्रिय प्रसारण ऐन २०४९ र नियमावली २०५२ को चर्चा गर्दै यी ऐन र नियमावली उदार हुन नसकेको उल्लेख गरेका छन् । साथै रेडियो सगरमाथालाई प्रसारण इजाजत दिँदा लगाइएका प्रसारण ऐन र नियमावली बाहेकका थप १५ ओटा सर्तहरूको कारण ऐन कानूनले प्रदान गरेका सीमित हक, अधिकार पनि सङ्कुचित हुन पुगेको लेखकहरूको धारणा छ (खनाल र अरू २०५४: १०७-१०) ।

एफएम रेडियोबाट कार्यक्रम प्रसारण गर्ने सवालमा विद्यमान ऐन कानूनमा भएका व्यवस्थाबारे विष्णुप्रसाद पोखरेल (२०५६) ले चर्चा गरेका छन् । यो लेखमा राष्ट्रिय प्रसारण ऐन २०४९, नियमावली २०५२ र निर्देशिका २०५५ का सान्दर्भिक बुँदाहरू उद्धृत गर्दै रेडियोमा प्रसारण गर्न हुने र नहुने विषयवस्तुबारे सम्बन्धित पक्षको ध्यानाकर्षण गरिएको छ । रेडियो फ्रिक्वेन्सीको बाँडफाँड गर्ने सम्बन्धमा के कस्ता नीति र कार्यविधि विद्यमान छन् र थिए भन्नेबारे सुरेशकुमार पुडासैनीले लेखेका छन् । फ्रिक्वेन्सी बाँडफाँडबारे ऐन नियममा विगतदेखि भएको व्यवस्था र त्यसको प्रक्रिया तथा दण्ड र सजायँसम्बन्धमा यस लेखले प्रस्ट पारेको छ (पुडासैनी २०५७) । हेमराज पौडेल (२०५६) को लेखमा प्रसारण निर्देशिका २०५५ को समीक्षा गरिएको छ । यो निर्देशिका किन आयो र यसमा के कस्ता कुरा समेटिएको छ भन्नेबारे यो लेखमा चर्चा गरिएको छ ।

विनोद भट्टराईले 'रेडियो साउण्ड अफ ओपननेस' शीर्षकमा नेपालमा रेडियो प्रसारणको विकासक्रम केलाएका छन् । निजी क्षेत्रबाट एफएम रेडियो सञ्चालन गर्ने सवालमा बनेका नियम, कानून र प्रक्रियाको विश्लेषणसमेत उक्त लेखमा गरिएको छ (भट्टराई सन् २०००बीः ११०-१६) । विनयकुमार कसजूले काठमाडौँमा आयोजित 'सर्वसुलभ प्रसारण सेवाः स्थिति र चुनौती' विषयक विचार गोष्ठीमा एउटा कार्यपत्र प्रस्तुत गरेका थिए (कसजू २०५९) । सर्वसुलभ प्रसारणका लागि सरकारले तर्जुमा गर्ने नीति नियम नै सबभन्दा महत्त्वपूर्ण हुने कुरा सो कार्यपत्रमा औंल्याइएको छ । राष्ट्रिय प्रसारण ऐन २०४९ को सट्टामा ल्याउन लागिएको भनिएको 'राष्ट्रिय प्रसारण परिषद् ऐन २०५९' को मस्यौदा तथा पत्रकार भारतदत्त कोइरालाको संयोजकत्वमा गठित सुझाव समितिले पेश गरेको प्रतिवेदन (कोइराला २०५९) को मुख्य रूपमा यसमा चर्चा गरिएको छ ।

### *विश्वविद्यालयका शोधपत्र*

एफएम रेडियोले विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको ध्यान खिच्न थालेको प्रमाणका रूपमा यससम्बन्धी शोधपत्र, फिल्ड रिपोर्ट वा इन्टर्नशीप रिपोर्टको बढ्दो सङ्ख्यालाई लिन सकिन्छ । त्रिभुवन, काठमाडौँ, पोखरा विश्वविद्यालयदेखि भारत तथा अमेरिकाका विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूका शोधपत्रमा समेत नेपालका एफएम रेडियोसम्बन्धी विषयले स्थान पाउन थालेका छन् । व्यवस्थापन सङ्कायअन्तर्गत बजारशास्त्र तथा मानविकी सङ्कायअन्तर्गत पत्रकारिता र समाजशास्त्र अध्ययनरत विद्यार्थीहरूले एफएम रेडियोका विभिन्न पक्षलाई लिएर शोधपत्र लेखेका छन् । उपभोक्तामा एफएम रेडियो वा विद्युतीय सञ्चारमाध्यमबाट प्रसारित विज्ञापनले पारेको प्रभावबारे लेखिएका शोधपत्रको उदाहरणमा गौतम (सन् २००२), अर्याल (सन् २००४) र श्रेष्ठ (सन् २००५) लाई लिन सकिन्छ ।

समाजशास्त्र/मानवशास्त्रका विद्यार्थीले एफएम रेडियोलाई आफ्नो शोधको विषय बनाएको उदाहरणका रूपमा प्रदीप पराजुली (सन् २०००) र मोतीबहादुर कार्की (सन् २०००) को शोधपत्रलाई लिन सकिन्छ । पराजुलीले काठमाडौँको सहरी र ग्रामीण भेगमा एफएमको प्रसारण र श्रोताको धारणाबारे र कार्कीले किशोर-किशोरीहरूको एफएम रेडियोसम्बन्धी अनुभूतिबारे शोध गरेका छन् । अमेरिकी मानवशास्त्री लाउरा कुन्रुथर (सन् २००२) ले आफ्नो विद्यावारिधि तहको शोधपत्र तयार गर्ने क्रममा हिट्स एफएमबाट प्रसारित *मेरो कथा मेरो गीत* कार्यक्रमलाई समेटेकी छन् । उक्त अध्ययनमा आधारित उनको एउटा लेख

*स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी*मा पनि प्रकाशित छ (कुन्रुथर सन् २००४)। त्रिभुवन विश्वविद्यालयमा पत्रकारिता विषयअन्तर्गत श्रीराम पौडेल (२०६१) र घमराज लुइँटेल (सन् २००४) ले शोधपत्र बुझाएका छन् । 'नेपालमा रेडियो प्रसारणको बिस्तार र समाचार सम्प्रेषणः एक अध्ययन' शीर्षक दिइएको पौडेलको शोधपत्रमा रेडियो स्थापनाको संस्थागत तथा नीतिगत र कानूनी पृष्ठभूमिको चर्चा छ । साथै एफएम रेडियोहरूमा समाचार प्रसारणको अवस्थाबारे पनि सामान्य उल्लेख छ । यद्यपि एफएमको समाचारबारे सामान्य विवरणबाहेक खास विश्लेषण यसमा छैन । नीतिगत तथा कानूनी पृष्ठभूमिका रूपमा नेपाल अधिराज्यको संविधान २०४७ देखि सञ्चार नीति, प्रसारण ऐन, प्रसारण नियमावली र पत्रकार आचारसंहितालाई यसमा समेटिएको छ। लुइँटेलले दाङ जिल्लामा सामुदायिक रेडियो (रेडियो स्वर्गद्वारी) को प्रभावबारे शोधपत्र तयार पारेका हुन् । स्वर्गद्वारी एफएमको स्थापनापश्चात् स्थानीयबासीको रेडियो सुन्ने प्रवृत्तिमा भएको परिवर्तनतर्फ यो शोध केन्द्रित छ। यद्यपि नामै लिएर कुन र के कस्ता कार्यक्रम वा रेडियो सामग्रीको प्रभाव कस्तो रह्यो भन्नेबारे भने केही बताइएको छैन ।

व्यवस्थापन सङ्काय अन्तर्गत नै स्नातक तहमा बुझाउनु पर्ने फिल्ड रिपोर्ट तथा इन्टर्नशीप रिपोर्टका लागि एफएम रेडियोसम्बन्धी विभिन्न विषय चयन गरिएका पाइन्छन् । यिनलाई एफएम रेडियोसम्बन्धी भएका लघु अध्ययन भन्न सकिन्छ । काठमाडौं, पोखरा तथा रूपन्देहीमा एफएम रेडियो प्रसारणबारे भएका यस्ता अध्ययनको सङ्ख्या पनि उल्लेख्य छ । ताल्चाभण्डारी (सन् १९९९), क्षेत्री (सन् २००२), गुरुङ (सन् २००२), अर्याल (२०५८), गौडेल (सन् २००२), सुवेदी (सन् २००१), अधिकारी (सन् २००२), थापा (सन् २००२) त्यस्ता लघु अध्ययनका केही उदाहरण हुन् । विश्वविद्यालयमा बुझाइएका यस्ता शोधपत्र वा प्रतिवेदनहरू हेर्दा एफएम रेडियोमाथि अध्ययन हुने क्रम बढेको देखिए पनि गुणस्तर हिसाबले भने चित्त बुझाउने ठाउँ देखिन्न । अधिकांश शोधपत्रमा बृहत् शीर्षक चयन गरिएको भए पनि हल्का ढङ्गको प्रस्तुति देखिन्छ भने विश्लेषणले भन्दा तालिका, चार्ट र डायग्राम राखेर पेज भर्ने प्रवृत्ति पाइन्छ ।

## ***अनुसन्धान तथा सर्वेक्षण प्रतिवेदन***

एफएम रेडियोबारे उपलब्ध अर्काथरी सामग्रीमा विभिन्न व्यक्ति वा संघसस्थाद्वारा एफएम रेडियो विकासक्रमको अवस्थादेखि यसको सामाजिक तथा आर्थिक पक्षबारे गरिएका अध्ययन अनुसन्धानका प्रकाशित वा अप्रकाशित प्रतिवेदनलाई

लिन सकिन्छ । ती अध्ययनले एफएम रेडियो र तिनबाट बज्ने कार्यक्रमप्रति श्रोताका प्राथमिकता, उनीहरूका धारणा, सामाजिक विकास र सामाजिक आन्दोलनमा एफएम रेडियोले खेल्दै आएको तथा खेल्नसक्ने भूमिकाबारे विस्तृत जानकारी प्रदान गर्दछन् ।




तस्बिर २.३ः एमएस नेपालद्वारा प्रकाशित पुस्तक, सन् २००५ ।


नेपाल प्रेस इन्स्टिच्यूटद्वारा रुपन्देही जिल्लामा श्रोता सर्वेक्षणमा आधारित 'हु इज लिसनिङ् ?' शीर्षकको अध्ययन गरिएको थियो (अस्मुसेन र सोएन्डरगार्ड सन् २००४) । यस अध्ययनमा रूपन्देही जिल्लाबासीको समग्र मिडिया (नेपाली तथा विदेशी पत्रपत्रिका रेडियो, टिभी) मा पहुँचदेखि उनीहरूको प्राथमिकता, विभिन्न टिभी च्यानल तथा रेडियो स्टेसनको प्रसारण गुणस्तर (प्राविधिक हिसाबले) र श्रोताको अवस्था (लिङ्ग, शिक्षा, स्वामित्व स्थान) आदिबारे विश्लेषण गरिएको छ ।

स्थानीय रेडियो लुम्बिनीबारे यसमा विस्तृत अध्ययन गरिएको छ । रेडियो लुम्बिनी कतिले सुन्छन् भन्नेदेखि श्रोताले कस्ता कार्यक्रमलाई प्राथमिकता दिएका छन् भन्ने विश्लेषण उक्त अध्ययनमा गरिएको छ । रेडियो लुम्बिनीबाट प्रसारण हुने समाचार र त्यसमा पनि स्थानीय समाचार श्रोताहरूको पहिलो प्राथमिकतामा परेको अध्ययनले देखाएको छ ।

त्यस्तै एमएस नेपालको सहयोगमा गोपाल गुरागाईं र तोया घिमिरेले एफएम रेडियोबाट समानता, विकास र सामाजिक न्याय प्रवर्द्धनका सम्भावनाहरू के कति छन् भन्नेबारे अध्ययन गरेको पाइन्छ । अध्ययन समयमा देशभरि सञ्चालनमा रहेका ४६ ओटा रेडियो स्टेसनमध्ये सातओटा रेडियो स्टेसनका लक्षित प्रसारण क्षेत्रलाई अध्ययनमा समेटिएको थियो । सातमध्ये पाँचओटा सामुदायिक र दुईओटा व्यापारिक स्टेसन थिए । मुख्यतः एफएम रेडियोहरूले समुदायको हितमा के-कस्ता कार्यक्रम प्रसारण गरेका छन् ? त्यसप्रति श्रोताको धारणा र सहभागिता कस्तो छ र उनीहरू के चाहन्छन् ? भन्ने विषयमा स्टेसन र श्रोताहरूसँग गुणात्मक सर्वेक्षण विधि अपनाई अध्ययन र विश्लेषण गरिएको थियो । यसै अध्ययनमा आधारित अङ्ग्रेजी र नेपाली भाषाका दुई पुस्तक एमएस नेपालले प्रकाशन गरिसकेको छ (गुरागाईं र घिमिरे २०६२, सन् २००५)

नेपाल प्रेस इन्स्टिच्यूट र मार्टिन चौतारीद्वारा संयुक्त रूपमा प्रकाशित *स्थानीय रेडियोः सम्भावना र उपयोगिता* (वन्त र मैनाली २०५९) मा पनि एफएम रेडियोबारे विभिन्न विश्लेषणात्मक सामग्री पाइन्छन् । अधिवक्ता सतीशकृष्ण खरेलले एफएम प्रसारणसम्बन्धमा कानूनी पक्षको विकासक्रमबारे गरेको चर्चा, रेडियो सगरमाथाको स्थापनार्थ भएको सङ्घर्षलाई लिएर रघु मैनालीले गरेको चर्चा पुस्तकमा समेटिएको छ । साथै सीके लाल, नारायण वाग्ले, मञ्जु थापा, वसन्त महर्जन, प्रत्यूष वन्त, भास्कर गौतम तथा शेखर पराजुलीका अनुसन्धान तथा विश्लेषणमूलक लेख पनि यसमा समेटिएका छन् । २०४९ सालमा बनेको सञ्चार नीति र प्रसारण ऐन तथा प्रसारण नियमावली २०५२ को चर्चा गर्दै खरेलले ऐनमा नभएको व्यवस्था समेत नियमावलीमा समेटेर सरकारले आफ्नो अनुदार छवि देखाएको उल्लेख गरेका छन् । यसका साथै गाली बेइज्जती र अदालतको अवहेलनासम्बन्धी ऐन नियमबारे जानकारी दिँदै प्रसारकहरूले यससम्बन्धमा ध्यान दिनुपर्ने कुरा पनि उक्त लेखमा छ । महिलासम्बन्धी सवालहरूमा जनमतको सिर्जना गर्न एफएम रेडियोको कसरी उपयोग गरिएको छ भन्नेबारे मञ्जु थापाले विश्लेषण गरेकी छन् । त्यस्तै वसन्त महर्जनको लेखमा काठमाडौँका एफएम रेडियोमा नेपाल भाषाले पाएको स्थानबारे उल्लेख छ । प्रत्यूष वन्तले

रेडियो सगरमाथामा आफूले सञ्चालन गरेको समसामयिक कार्यक्रम *डबली*मा आधारित रहेर सामाजिक आन्दोलनको उठान तथा सामाजिक परिवर्तनमा




तस्बिर २.४: नेपाल प्रेस इन्स्टिच्यूट र मार्टिन चौतारीद्वारा प्रकाशित पुस्तक, २०५९ ।

एफएम रेडियोले कस्तो भूमिका निर्वाह गर्न सक्छन् भन्नेबारे अध्ययन र विश्लेषण गरेका छन् । देशभरि खुलेका एफएम रेडियोको अर्थतन्त्रबारे भास्कर गौतम र शेखर पराजुलीले अध्ययन गरेका थिए, जसमा २०५९ सालसम्म नेपालमा एफएम रेडियो स्थापनामा भएको लगानी र रेडियो स्टेसनको बजार, त्यसले बेहोर्नुपर्ने नियमित सञ्चालन खर्च र प्राप्त गर्ने आम्दानी आदिबारे विश्लेषण गरिएको छ (गौतम र पराजुली २०५९) ।

मार्टिन चौतारीद्वारा २०५८ सालमा गरिएको क्षेत्रीय मिडियासम्बन्धी अनुसन्धानमा त्यस बखत हेटौँडा, पोखरा, रूपन्देही र पाल्पामा सञ्चालित एफएम रेडियोलाई

पनि समेटिएको थियो । ती अध्ययनमा स्थानीय रेडियोमा भएका लगानी र बजार, प्रसारित कार्यक्रम, जनशक्तिको अवस्था, अन्य मिडियासँगको सम्बन्ध, आदिबारे चर्चा गरिएका थिए (हुमागाईं २०५८, पराजुली २०५८क, २०५८ख) ।

नेपालका १८ ओटा सामुदायिक रेडियोको अध्ययन गरी तयार पारिएको पुस्तक हो *नेपालका सामुदायिक रेडियो इतिवृत्तान्त* (लुइँटेल र आचार्य २०६१) । यसमा रेडियो सगरमाथा, मेट्रो एफएम, रेडियो लुम्बिनी, रेडियो मदन पोखरा, हिमचुली एफएम र रेडियो स्वर्गद्वारी गरी छओटा सामुदायिक रेडियोको विस्तृत अध्ययन भए पनि बाँकी १२ ओटा सामुदायिक रेडियोको भने सामान्य परिचय मात्र खुलाइएको छ ।

## समाचार अध्ययनः केही सैद्धान्तिक अवधारणा

आधा शताब्दीभन्दा बढी समयदेखि नै समाचार-उत्पादन मिडिया अध्येताहरूका लागि गम्भीर चासोको विषय रहँदै आएको छ । विभिन्न विधासँग सम्बन्धित विद्वान अध्येताहरूले समाचार उत्पादन प्रक्रियाको अध्ययनका लागि विविधखाले अनुसन्धान विधि अपनाएको पाइन्छ । अमेरिकी विद्वान माइकल सुड्सन (सन् २०००) ले समाचार उत्पादन अध्ययनका लागि प्रयुक्त त्यस्ता सबै विधिलाई केलाउँदै मोटामोटी तीन भागमा बाँडेर चर्चा गरेका छन् ।[1]

***अर्थराजनीतिक दृष्टिकोणः*** सुड्सनले विभाजन गरेका तीन दृष्टिकोणमध्ये पहिलो हो– “अर्थराजनीतिक दृष्टिकोण जसले समाचार प्रक्रियाको परिणामलाई राज्यको संरचना, अर्थव्यवस्था र समाचार संस्थाको आर्थिक धरातलसँग जोडेर हेर्छ” (सुड्सन सन् २०००: १७७) । यद्यपि, केही प्रचलित धारणाविपरीत, थुप्रै अध्ययनले कुनै पनि समाजको वृहत्तर अर्थराजनीति र समाचार उत्पादनबीच प्रस्ट सम्बन्ध नदेखाएको सुड्सन बताउँछन् । अर्को शब्दमा भन्दा, कुनै समाजको मिडिया स्वामित्वको संरचना अथवा मिडिया उद्योगको बजार संरचनाबारे उपलब्ध जानकारीकै आधारमा मात्र समाचारको विषयवस्तुबारे यही नै हुन्छ भनेर ठोकुवा गर्न सकिँदैन ।

थुप्रै अध्ययनलाई उद्धृत गर्दै सुड्सन जोड दिन्छन् कि बजार- र राज्य-नियन्त्रित मिडियाहरूले गर्ने समाचार उत्पादनमा प्रस्ट भिन्नता त देखिन्छ नै, तर,

[1] आफ्नो निबन्धको परिमार्जित स्वरूपमा सुड्सन (सन् २००५) ले ‘अर्थराजनीतिक दृष्टिकोण’ लाई समाचार उत्पादनका ‘आर्थिक सङ्गठन’ र ‘राजनीतिक सन्दर्भ’ गरी दुई भागमा विभाजन गरेका छन् । तथापि, यसमा र अघिल्लो विश्लेषणको मूल स्वरूपमा भने तात्त्विक भिन्नता छैन ।

सँगै थुप्रै संस्थागत संरचना र प्रेसका विधि-विधानमा पृथकता छ जसको मतलब हुन्छ ती दुवै क्षेत्र (अर्थात् बजार- र राज्य-नियन्त्रित) मा पनि यथेष्ट विविधता छ। विशेष गरी मिडिया अध्ययनको आङ्ल-अमेरिकी परम्परामा समाचार उत्पादनमा आर्थिक प्रभावकहरूलाई ज्यादा महत्त्व दिइएको पाइन्छ भने राजनीतिक र कानूनी प्रभावकहरूलाई निकै कम। यस्तो हुनुको पछाडि उनीहरूले उदार लोकतन्त्रलाई सामान्य रूपमा ग्रहण गर्नु हो भन्ने सुड्सन ठान्छन्।

***सामाजिक सङ्गठनात्मक दृष्टिकोण:*** सुड्सनका अनुसार समाचार उत्पादनबारे पाइने दोस्रो खाले दृष्टिकोण सामाजिक सङ्गठन, पेशा, व्यवसायको सामाजिक विश्लेषणसम्बन्धी अध्ययन, अनुसन्धानका निचोडबाट निकालिएको हो। र, यसले "पत्रकारहरूका आफ्ना कार्य समापन गर्ने यत्नहरूमा साङ्गठनिक र पेशाजनित माग या आवश्यकताले कसरी अड्चनहरू खडा गर्छन् भन्ने जान्न प्रयास गर्दछ" (सुड्सन सन् २०००: १७७)। यस अवधारणाअन्तर्गत विभिन्न धार पाइन्छन्। एउटा धारले संवाददाताहरू र सरकारी अधिकारी तथा राजनीतिज्ञ (स्रोत) बीचको अन्तर्क्रियाको माध्यममार्फत एवं विभिन्न दायित्व बोकेका रिपोर्टर र सम्पादकमाझ समाचार-कक्ष मा खेलिने 'खेल' मार्फत बाहिरिने वास्तविकताको सामाजिक उत्पादनको रूपमा समाचारलाई हेर्छ।

दोस्रो खाले धारकाहरू "साङ्गठनिक उत्पादनको सामाजिक सिर्जना"का रूपमा समाचारलाई लिन्छन् र "अन्य उत्पादनझैँ यस (अर्थात् समाचार) को पनि अध्ययन गर्न सकिन्छ" भन्ने तर्क गर्छन् (सुड्सन सन् २०००: १८६)। यो साङ्गठनिक दृष्टिकोणले व्यक्तिलाई या उसको निजी सक्रियतालाई महत्ता दिँदैन, बरु व्यक्तिगत चाह/मनसायलाई गौण रूपमा लिँदै साङ्गठनिक अड्चन या सीमितताले समाचार कसरी निर्धारण गर्छन् भन्ने कुरामा ध्यान केन्द्रित गर्छ। यसको विपरीत तेस्रो खाले धारले भने "सञ्चारकर्मीका सामाजिक पृष्ठभूमि र निजी मान्यताहरू" ले समाचार उत्पादनलाई प्रभावित गर्छ भन्ने ठान्छ (सुड्सन सन् २०००: १८७) र समाचारका श्रोता, पाठक, दर्शकमा हुने विविधताको प्रतिविम्ब समाचार-कक्षमा पनि झल्किनुपर्छ भन्ने वकालत गर्छ।

***सांस्कृतिक दृष्टिकोण:*** सुड्सनका अनुसार तेस्रो (सांस्कृतिक) दृष्टिकोणले बृहत् सांस्कृतिक परम्परा र साङ्केतिक पद्धतिको अवरोधात्मक शक्तिलाई जोड दिन्छ भने आर्थिक साङ्गठनिक संरचना अथवा पेशाजनित नियमिततालाई गौण ठान्छ (सुड्सन सन् २०००: १७७)। उनी थप्छन्– "तथ्य र सङ्केतहरूबीच हुने सम्बन्धमा सांस्कृतिक

दृष्टिकोणले समाचारको साङ्केतिक प्रभावक भेट्टाउँछ" (सुड्सन सन् २०००: १८९) । समाचार उत्पादनको सांस्कृतिक लेखाजोखाले विविध खाले प्रवृत्ति– रिपोर्टिङमा पाइने 'स्टेरियोटाइप', विभिन्न समाजमा पाइने समाचार मूल्याङ्कनसम्बन्धी ज्ञान, कथ्य शैली अपनाउँदाका मान्यता (पूर्वधारणा), आदि– को व्याख्या गर्न सकिन्छ ।

उल्लिखित तीनै दृष्टिकोणको छलफलको निचोड निकाल्दै सुड्सन भन्छन्– "सबैका आ-आफ्नै बलिया पक्ष छन् र तिनले निश्चित संस्था र पद्धतिलाई केन्द्रमा राख्दै समाचार उत्पादनसम्बन्धी हाम्रो ज्ञानको क्षितिजलाई अभिवृद्धि गरेका छन् । ...यति हुँदाहुँदै पनि तिनले ऐतिहासिक दृष्टिकोणप्रति र तुलनात्मक अध्ययनबारे जुन निरपेक्षभाव देखाएका छन् त्यो उल्लेख्य कमजोरी हो" (सुड्सन सन् २०००: १९४) । तसर्थ, सुड्सनका अनुसार कुनै एउटा दृष्टिकोणले मात्र आफैँमा समाचार उत्पादनपछाडिको सोलोडोलो तस्बिर नदिने हुँदा भविष्यमा गरिने समाचार उत्पादनसम्बन्धी अध्ययनले यी सबै पक्षलाई संश्लेषण गर्दै अगाडि बढ्नु जरुरी छ ।

## *वर्तमान अध्ययनको सैद्धान्तिक पाटो*

माइकल सुड्सनले चर्चा गरेका तीन मुख्य दृष्टिकोणलाई यो अध्ययनले संश्लेषण नगरे पनि उनले बताएका केही धारलाई पछ्याउने प्रयत्न गरेको छ, र गैरराज्य क्षेत्रबाट भइआएको रेडियो पत्रकारिताकर्ममा केही प्रकाश पार्ने प्रयास गरेको छ । यस अध्ययनमा हामीले रेडियो पत्रकारिता भनेर समाचार बुलेटिनका कार्यक्रम र सामयिक विषयमा सञ्चालन गरिँदै आएका अन्तर्क्रियात्मक कार्यक्रम अथवा 'टक शो' हरूलाई सामेल गरेका छौँ । त्यसो त रेडियोका यी दुवै विधाको स्वरूप र विषयवस्तु फरक छ तर यहाँ यिनलाई एकै हिसाबले हेरिएको छ, यस मान्यतामा कि हाम्रो अध्ययनमा परेका टक शो का कार्यक्रम समाचारकै विस्तृत स्वरूप हुन् ।

सुड्सनले सङ्क्षेपीकरण गरेको अर्थराजनीतिक दृष्टिकोणबाट हेर्दा यो अध्ययनका लागि दुई खाले सङ्केत मिल्छ । पहिलो, नेपाल उदार लोकतान्त्रिक मुलुक नभएकाले (२०६१ माघ १९ पछिको त झन् कुरै गर्नु परोइन) समाचार उत्पादन (छापा होस् या विद्युतीय माध्यम) का राजनीतिक र कानूनी पक्ष या प्रभावकहरूको अवस्था अध्ययनका महत्त्वपूर्ण अवयव बन्न जान्छन् । विभिन्न वैचारिक खोल ओढ्दै वाक् स्वतन्त्रताका विरोधीहरू २०४७ सालको संविधानमार्फत छापालाई दिइएका अधिकार रेडियो र टेलिभिजनमा लागू हुँदैन भनेर तर्क गरिरहेका बखत कानूनी र राजनीतिक वातावरणले गैरराज्य नियन्त्रित रेडियोमा गम्भीर पत्रकारिताको सम्भावनामा पारिरहेको प्रभावको अध्ययन गर्नु निकै

महत्त्वपूर्ण हुने हामीले ठानेका छौँ । तसर्थ, यस पुस्तकको दोस्रो खण्डका दुई लामा लेख यसै विषयसम्बन्धी छन् । तेस्रो अध्यायमा देवराज हुमागाईंले बहुदलीय प्रजातन्त्र पुनःस्थापनापछिको कालखण्डको राजनीतिक र कानूनी वातावरणले रेडियोमा समाचार र टक शो उत्पादन गर्ने अवस्था सिर्जना गर्न पारेको सकारात्मक/नकारात्मक प्रभावको चर्चा गरेका छन् । चौथो अध्यायमा विनोद ढुङ्गेलले राजा ज्ञानेन्द्रद्वारा २०६१ माघ १९ मा असंवैधानिक तवरले शासनसत्ता हातमा लिएपछिको राजनीतिक र कानूनी वातावरणको लेखाजोखा गरेका छन्, जसमा शाही सरकारले स्वतन्त्र रेडियो मास्न गरेको प्रयास र सोविरुद्ध रेडियोकर्मी तथा 'एक्टिभिस्ट' हरूले गरेको प्रतिवादको विशद चर्चा गरिएको छ ।

सुड्सनले सङ्क्षेपीकरण गरेको अर्थराजनीतिक दृष्टिकोणको दोस्रो सङ्केत हो– नेपालमा एफएम सञ्चालनका विभिन्न संस्थागत संरचना (देवराज हुमागाईंले पहिलो अध्यायमा वर्णन गरेझैँ) र तिनले समाचार र टक शो उत्पादनका विशिष्ट ढाँचामा पार्ने प्रभावलाई सामान्य रूपमा (टेकन फर ग्रान्टेड) लिन सकिँदैन भन्ने । यिनलाई पहिले प्रयोगसिद्ध (एम्पिरिकल) तवरले अध्ययन गरिनु पर्छ । त्यस्ता अध्ययनका हामीसँग यथेष्ट सङ्ग्रह उपलब्ध भएपश्चात् तिनकै आधारमा रेडियो स्वामित्वको प्रकार या सञ्चालन शैली र तिनले समाचार र टक शो उत्पादनमा पार्ने प्रभावबारे सैद्धान्तिक अवधारणा या सिद्धान्त तयार गरिनु पर्छ । समाचार तथा टक शो उत्पादनको त्यस्तो सङ्ग्रह तयार गर्ने क्रममा हाम्रा लेखकहरूले प्रयोगात्मक हिसाबले सम्पन्न (एम्पिरिकल्ली रिच) लेखहरू तयार गरेका छन् । कृष्ण अधिकारीका दुई लेख (अध्याय ५ र ८) मा क्रमशः काठमाडौँ र पोखराका एफएम रेडियोमा समाचार उत्पादनका विभिन्न पक्षको चर्चा गरिएको छ । रेडियोकर्मीद्वय घमराज लुइँटेल (अध्याय ६) र श्रीराम पौडेल (अध्याय ७) ले मुख्यतः आफ्नै कार्यअनुभव र ज्ञानमा आधारित रही क्रमशः रेडियो सगरमाथा र कान्तिपुर एफएममा समाचार उत्पादनको 'केस स्टडी' तयार गरेका छन् । कोमल भट्ट र शेखर पराजुलीले क्रमशः काठमाडौँ (अध्याय ९) र पोखरा (अध्याय १०) मा सञ्चालन भइरहेका सामयिक छलफल कार्यक्रम अर्थात् टक शोहरूको अध्ययन गरेका छन् । प्रतीक ङेसुर तामाङको लेख (अध्याय ११) तामाङ भाषामा सञ्चालित छलफल कार्यक्रमबारे छ । यी लेखमा समाचार उत्पादन प्रक्रिया या गतिविधिमा प्रयुक्त हुने विभिन्न स्रोतको लेखाजोखा गर्दै त्यसको आर्थिक धरातल केलाइएको छ ।

सामाजिक साङ्गठनिक दृष्टिकोणको कुरा गर्दा यसको पहिलो धार प्रायः लेखमा पछ्याइएको देख्न पाइन्छ । रेडियोकर्मी र स्रोतबीच हुने अन्तर्क्रियाबारे

सबै लेखकले (अध्याय ५ देखि ११) चर्चा गरेका छन् । केही लेखबाट यो प्रस्टै देखिन्छ कि रेडियोका समाचार सामग्रीमा स्रोतका रूपमा छाउनेहरू मुख्यतः शासक वर्ग (राजनीतिज्ञ, कर्मचारीवर्ग, नीति निर्माता, आदि) नै हुन्छन् । यसबाहेक केही अध्याय (विशेष गरी अध्याय ५, ६, ७ र ८) ले रिपोर्टर तथा सम्पादकबीच समाचार सामग्री प्रसारणपूर्व सो सामग्रीमाथि खेलिने 'खेल' को पनि केही झलक दिन्छन् । सामाजिक साङ्गठनिक दृष्टिकोणको दोस्रो धार अर्थात् कसरी समाचार उत्पादनलाई साङ्गठनिक अड्चनहरूले प्रभावित गर्छन् भन्ने चर्चा अध्याय ५, ६, ८, ९, १० र ११ मा गरिएको छ । यसैको तेस्रो धार अथवा व्यक्तिगत मूल्य-मान्यता र सामाजिक पृष्ठभूमिले समाचार उत्पादनमा पार्न सक्ने प्रभाव या असरलाई अध्याय ५, ८, ९, १० र ११ मा देखाइएको छ ।

सांस्कृतिक दृष्टिकोणको कुरा गर्दा यस सङ्ग्रहका विभिन्न लेखमा यो दृष्टिकोणको चर्चा गरिएको हामी पाउँछौं, भलै ती सम्पूर्णतः सांस्कृतिक प्रभावक हुन् भनेर दावी गर्न नसकिएला । यसको एउटा उदाहरणका रूपमा तत्कालीन राजा वीरेन्द्र र उनको सकल परिवारको हत्या गरिँदा पनि सरकारबाट आधिकारिक रूपमा केही नभनेसम्म एफएम रेडियोहरूले मौनता साध्नु र शोक धूनमात्र बजाउनुलाई लिन सकिन्छ (अध्याय ६ र ७) । सो अवस्थामा एफएम रेडियोहरूले आफ्नो विवेकलाई शासकको मृत्युको आधिकारिक जानकारी दिने पारम्परिक मोडेलका पक्षमा तिलाञ्जली दिएका थिए । आफ्ना श्रोताले राष्ट्रिय या केन्द्रीय राजनीतिक समाचार र छलफल सुन्ने चाहना राख्छन् भन्दै सोहीअनुरूप पोखरेली एफएमहरूले कार्यक्रम पस्किनुलाई (अध्याय ८ र १०) यसैको अर्को उदाहरणको रूपमा लिन सकिन्छ । यसो गर्दा उनीहरू 'केन्द्रीय सत्ता-राजनीतिप्रतिको आसक्तिको राष्ट्रिय संस्कृति' मा सामेल भइरहेका मात्रै नभई सँगै त्यसलाई चिरस्थायी तुल्याइरहेका हुन्छन् । तामाङसम्बन्धित सङ्गठनहरू र तामाङ भाषाको कार्यक्रम उत्पादक/प्रसारकहरूमाझ देखिएको समन्वयको अभाव (अध्याय ११) यस्तै अर्को उदाहरण हो । नेपाललाई सामाजिक न्यायसम्पन्न समाज बनाउन प्रयत्नरत जनजाति 'एक्टिभिस्ट' हरूमा आवश्यक पर्ने सांस्कृतिक सामञ्जस्यको अभावलाई पनि यही पृष्ठभूमिमा बुझ्न सकिन्छ । यस्ता उदाहरण अन्य अध्यायमा पनि छरिएर रहेका छन् ।

## अध्ययनको निचोडका सारसङ्क्षेप

यस सङ्ग्रहको अध्याय ३ देखि ११ सम्मका प्रत्येक लेखकले आफ्ना प्रयोगसिद्ध (एम्पिरिकल) अध्ययनका निचोड आआफ्ना लेखमा चर्चा गरेका छन् जसबारे

नेपालको स्वतन्त्र एफएम रेडियो र त्यस पर समग्र मिडिया क्षेत्रबारे चासो राख्ने सबैले बहस छलफल चलाउनु उपयुक्त हुनेछ । विस्तृत प्रयोगसिद्ध अध्ययनपश्चात् यी निचोड निकालिएकाले तिनलाई यहाँ बिस्तारमा चर्चा नगरी पाठकहरूलाई तत्तत् लेख नै पढ्न हामी आग्रह गर्दछौँ । त्यसो गर्दा लेखकका प्रयासप्रति पनि न्याय गरेको ठहरिने छ । तथापि, माथि उल्लिखित सैद्धान्तिक छलफलको एजेण्डा, चाहे त्यो प्रारम्भिक अवस्थामा रहेको नै किन नहोस्, तय गर्न सघाउने छ भन्ने आशामा लेखकहरूले निकाले निचोडका सारसङ्क्षेप तलका अनुच्छेदमा चर्चा गरिएको छ ।[२]

स्वतन्त्र रेडियो पत्रकारिताको विकासमा राष्ट्रको संविधान र प्रसारणसम्बन्धी कानूनी वातावरण सैद्धान्तिक रूपमा सकारात्मक थियो । यद्यपि राजनीतिक नेतृत्वमा बेलाबेलामा देखा पर्ने अनुदार चरित्रका कारण सूचनाको निर्बाध प्रवाहमा अवरोध हुँदै आएको निचोड नीति र सङ्घर्ष खण्ड (खण्ड २) मा निकालिएको छ । विचार र अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सूचनाको हकलाई संवैधानिक रूपमै ग्यारेण्टी गरिनु तथा त्यसलाई प्रस्तावनामा नै उल्लेख गरेर प्रसारण ऐन जारी हुनुले स्वतन्त्र प्रसारणका लागि मजबुत कानूनी जग निर्माण भएको महसुस नेपाली प्रसारण क्षेत्रले गरेको थियो । र, त्यही आडमा नेपालमा स्वतन्त्र रेडियो पत्रकारिताले गति लिन थालेको थियो । जब सत्तामा पुगेका केही व्यक्तिहरूले स्वतन्त्र रेडियो पत्रकारिताले पक्रन थालेको यो गतिबाट आफ्नो निहित स्वार्थमा बाधा पुग्ने ठाने, विभिन्न बहानाबाजी गरेर यसमाथि अवरोध पुऱ्याउन सक्रिय रहे । संविधान र ऐन, कानूनसँग बाझिने गरी जारी विभिन्न नियम र निर्देशनका कारण रेडियो पत्रकारितामा बारम्बार अवरोध पुगेको र त्यसबाट छुटकारा पाउन स्वतन्त्र सञ्चारकर्मीले राज्यसँग पटकपटक सङ्घर्ष गरिरहनु परेको अध्याय ३ र ४ बाट निस्कने निचोड हो ।

२०६१ माघ १९ अघिको अवस्थामा प्रजातान्त्रिक भनिएका दल वा व्यक्तिबाट पनि त्यस्ता अवरोध खडा नगरिएका होइनन् । तर राजनीतिक तथा कानूनी लडाइँबाट आफ्ना खोसिएका अधिकार फिर्ता गर्न नेपाली नागरिक तथा प्रसारण क्षेत्र सफल भएका थिए । २०५७ सालमा तत्कालीन सञ्चारमन्त्री जयप्रकाश गुप्ताका पालामा जारी असंवैधानिक तथा गैरकानूनी निर्देशनविरुद्ध सर्वोच्च अदालतले २०५८ सालमा गरेको फैसलाले छापाको हकमा लागू हुने संवैधानिक

---

[२] यहाँनेर यो स्मरणीय छ कि यो सारसङ्क्षेप लेखकहरूले विस्तृत अध्ययनपश्चात् प्रस्तुत गरेका निचोड र दावा, वकालतहरूको सम्पूर्णता होइन ।

सुरक्षाको प्रत्याभूति प्रसारण माध्यमको सवालमा पनि समान रूपले लागू हुने प्रस्ट व्याख्या गरेको थियो । यसबाट स्वतन्त्र रूपले रेडियो पत्रकारितालाई अघि बढाउने मार्ग अझ प्रशस्त भएको देवराज हुमागाईंको निष्कर्ष अध्याय ३ मा छ ।

२०६१ माघ १९ को शाही घोषणापछि त संविधान र कानूनको खुल्ला उपहास गर्दै राज्यले स्वतन्त्र रेडियोमाथि अकल्पनीय प्रहार गरेको निचोड विनोद ढुङ्गेलले अध्याय ४ मा निकालेका छन् । इतिहासमै पहिलोपटक स्वतन्त्र प्रसारण संस्थामाथि सशस्त्र सैनिकले कब्जा गरेको तथा देशभरका रेडियोकर्मीलाई त्रासद् अवस्थामा राखिएको प्रसङ्गसहित असंवैधानिक कदमको पहिलो शिकार स्वतन्त्र रेडियोलाई बनाइएको ढुङ्गेलको ठहर छ । सङ्कटकालको बहानामा ऐन, कानूनको अपव्याख्या गर्दै स्वतन्त्र रूपले कार्यक्रम प्रसारण गर्नबाट बञ्चित गराउन शाही सरकारले विभिन्न आदेश, निर्देशन र अध्यादेशको शृङ्खला सुरु गऱ्यो । यसरी विभिन्न आक्रमण (भौतिक र अवैधानिक आदेश) द्वारा स्वतन्त्र रेडियोको मनोबल कमजोर पार्न उद्यत राज्य रेडियोलाई आर्थिक रूपमा समेत धराशायी बनाउन आर्थिक नाकाबन्दी गर्ने अभियानमा लाग्यो । समाचार तथा समाचारमूलक कार्यक्रम प्रसारण बन्द गरिएकाले सोको असरस्वरूप एफएम रेडियोले पाउने विज्ञापन घट्दै गएको र कतिपय स्टेसन आर्थिक रूपले धराशायी भई बन्द नै हुने अवस्थामा पुगेको निचोड ढुङ्गेलले निकालेका छन् । समाचार तथा समाचारमूलक कार्यक्रम प्रसारणमा लगाइएको प्रतिबन्धले सयौँ रेडियो पत्रकार बेरोजगार हुनु पऱ्यो । यसरी माघ १९ अघि रेडियो स्टेसन र रेडियो पत्रकार दुवै पक्ष समाचार तथा समाचारमूलक कार्यक्रममा केही आश्रित हुन सक्ने वातावरण निर्माण हुँदै गरेको रहेछ भन्ने ढुङ्गेलको अध्ययनले देखाएको छ, जुन नेपालमा स्वतन्त्र रेडियो पत्रकारिता फस्टाउँदै जान थालेको सङ्केत थियो ।

नेपाली पत्रकार र प्रसारकले राज्यको तर्फबाट भोगेका हस्तक्षेप र आक्रमणविरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न पेशागत सङ्घ सङ्गठनले ऐक्यवद्धता प्रकट गरेका उदाहरण ढुङ्गेलले अघि सारेका छन् । तिनले रेडियो प्रसारक र पत्रकारहरूले सञ्चालन गरेको सडक सङ्घर्ष र कानूनी लडाईंमा साथ र समर्थन दिएका छन् । साथै राज्यपक्षलाई स्वतन्त्र रेडियो विरुद्धको कदम फिर्ता लिन निरन्तर दबाब दिँदै आएका छन् । प्रसारण स्वतन्त्रता कुनै एक पक्षको मात्र मुद्दा वा सरोकार नभएर सबै व्यक्ति र पक्षको सरोकारको विषय हो र यसका लागि साथ दिने धेरै छन् भन्ने निष्कर्ष विनोद ढुङ्गेलको छ ।

पुस्तकको तेस्रो खण्ड अर्थात् समाचार खण्डका चारओटै लेख (अध्याय ५, ६, ७ र ८) बाट नेपालमा रेडियो पत्रकारिता बिस्तारै परिपक्वतातिर उन्मुख हुँदै

गएको निचोड निकालिएको छ ।[३] चाहे काठमाडौँको सन्दर्भमा होस् वा पोखराको, सामुदायिक रेडियोको सन्दर्भमा होस् वा व्यापारिक रेडियोको, समाचार प्रसारणका आधारभूत उपलब्धि र चुनौती उस्तै छन् । उदाहरणका लागि उपलब्धिमा सबै स्टेसनमा समाचारको सङ्ख्या र अवधि बढ्दो क्रममा छ । समाचार प्रसारणले श्रोतालाई आकर्षित गरेको छ, फलस्वरूप विज्ञापनदाता पनि एफएम रेडियोप्रति आकर्षित हुन थालेका छन् । यसबाट समाचारले एफएम रेडियोको बजार बिस्तारमा मद्दत पुऱ्याएको सङ्केत मिल्दछ ।

अर्कातिर चुनौतीको कुरा गर्दा समाचार कक्षमा पर्याप्त लगानी गर्न स्टेसनले त्यतिविधि चासो देखाएका छैनन् । यसको मतलब दक्ष रेडियो पत्रकारको उत्पादन तथा जनशक्ति र तिनको वृत्ति-विकासका लागि आवश्यक भ्रमण, तालिमलगायत आर्थिक र भौतिक सुविधा उपलब्ध हुन सकेको छैन । त्यस्तै स्टेसनको समाचार शाखामा चुस्त व्यवस्थापनको अभाव छ । अर्थात् कामको प्रकृति र जनशक्तिको क्षमताका आधारमा चुस्त किसिमको कार्यविभाजनको ढाँचा तयार गर्ने परिपाटी बसिसकेको छैन । समाचार प्रसारणका लागि दुई-चार जना पत्रकारलाई खटाइदिएर 'जे सुकै गर' भनी उनीहरूकै जिम्मामा छाडिदिने परिपाटी नै प्रायः रेडियो स्टेसनमा देखिन्छ । समाचार कक्षमा कसको जिम्मेवारी र दायित्व के हो र कतिसम्म हो भन्ने स्पष्टताको अभाव छ । प्रायः रेडियो स्टेसनले आफ्नो स्पष्ट सम्पादकीय नीति पनि निर्माण गरेका छैनन् । यसको अभावमा समाचार प्रसारणका लागि उचित र ठोस मार्गनिर्देशन जनशक्तिले पाउन सकेका छैनन् । पछिल्ला दुई सवालमा रेडियो सगरमाथा अपवाद हो– यसले समाचार शाखाको संरचना र सम्पादकीय नीति दुवै निर्धारण गरेको छ ।

यी सबै समस्या वा चुनौतीको असर अन्ततः समाचारको विषयवस्तुमाथि परेको देखिन्छ । समाचारमा राजनीतिले अधिकांश स्थान र समय ओगटेको निष्कर्ष कृष्ण अधिकारीले अध्याय ५ र ८ मा निकालेका छन् । बाँकी समाचार पनि घटनाउन्मुख मात्र छन् । यसको मतलब सतहमा जे स्पष्ट देखिएको छ र देखिने गर्दछ, अधिकांशतः त्यो नै रेडियोमा समाचार बनेर आउँछ । सतहमा स्पष्ट नदेखिने तर समाजमा जरा गाडेर बसेका अन्याय, अत्याचार, भ्रष्टाचार, कुरीति, र विभिन्न सफलताका कथा नै किन नहुन् तिनको खोजी गरेर पस्किने काममा भने रेडियो स्टेसनहरू निकै पछाडि छन् । अर्को शब्दमा भन्नुपर्दा

---

[३] समाचारसम्बन्धी यी चारओटै अध्ययन २०६१ माघ १९ अघिको अवस्थामा आधारित भएकाले स्वभावतः निचोड पनि त्यही अवधिसम्मको अवस्थाका आधारमा निकालिएका हुन् ।

खोजमूलक सामग्रीको नितान्त अभाव देखिन्छ । खोजी सामग्रीको उत्पादनका लागि एक त पत्रकारलाई पर्याप्त समय, खर्चपर्च र तालिमको जरुरत पर्दछ भने खतरा बहन गर्ने क्षमता पनि उत्तिकै आवश्यक पर्ने हुनाले यो सवाल स्टेसनको लगानीसँग गाँसिन पुग्छ । रेडियो समाचारका जनशक्तिलाई आर्थिक र भौतिक सुविधा तथा पेशागत सुरक्षाको ग्यारेण्टी स्टेसनले गरिदिन नसकेका कारण न उनीहरूमा त्यो किसिमको दक्षता विकास हुन सकेको छ न सस्तो मूल्यमा खतरा बहन गर्न नै चाहन्छन् । यदि कसैमा यी दुवै क्षमता भए पनि अनुसन्धानका लागि पर्याप्त समय पाउँदैनन् ।[४]

यी समस्याका अलावा विषयवस्तुमा पर्याप्त विविधता आउन नसक्नु तथा राजनीति हाबी हुनुमा राष्ट्रिय तथा सामाजिक परिवेश एक हदसम्म कारक रहेको निष्कर्ष लेखकहरूको छ । त्यसबाहेक समाचारका विषयवस्तुमा सबै सामाजिक वर्गको समान प्रतिनिधित्व हुन सकेको पाइँदैन । अर्थात् महिला, दलित, मधेसी, जनजाति र विभिन्न धार्मिक सम्प्रदायका खबर या मुद्दाहरू पर्याप्त मात्रामा मुखर हुन सकेका छैनन् । यसका पछाडि रेडियो स्टेसनको सम्पादकीय नीति नबन्नु वा बनेर पनि यस्ता कुरामा ख्याल पुऱ्याउन नसक्नु एउटा कारण हो भने जनशक्तिको छनोट र नियुक्तिमा पनि समुदायका सबै वर्ग र पक्षको समान प्रतिनिधित्व हुन नसक्नु अर्को कारण हो । यसबारे कुनै पनि रेडियो स्टेसनको ठोस नीति रहेको पाइँदैन । यसरी स्टेसनको संरचनामा नै सबै पक्षको समानुपातिक सहभागिता नभएपछि सबै पक्षका आवाज समान रूपमा मुखर नहुनु अस्वाभाविक पनि भएन ।

यस्ता कमीकमजोरीलाई समाचार खण्डका सबै लेखकले अपरिपक्वताको उपज मानेका छन् । नेपालमा स्वतन्त्र रेडियो प्रारम्भिक अवस्थामै छन् । सबै रेडियो स्टेसनहरू गर्दै र सिक्दै अगाडि बढेका छन् र यसले उनीहरूमा बिस्तारै परिपक्वता ल्याउँदै छ । विगतका गल्तीबाट पाठ सिक्ने र सुधार गर्दै जाने प्रक्रियामा एफएम रेडियो स्टेसन रहेकाले कमजोरीहरू क्रमशः घट्दै गएका र अझ घट्दै जाने सङ्केत देखिएको लेखकहरूको निष्कर्ष छ । साथै, विविध कमी कमजोरीका बाबजुद एफएम रेडियोहरूले समाचारका रूपमा जे पस्किरहेका छन्, त्यो निष्पक्ष नै छ । राजनीतिक र घटनाउन्मुख विषयवस्तु नै सही, श्रोताहरू छिटो छरितो रूपमा सूचित भएका छन् । राष्ट्रिय र स्थानीय घटनाक्रमको

---

[४] समाचार उत्पादनमा देखिएका यी समस्या या चुनौती एफएम रेडियोका हकमा मात्र लागू हुने हैनन्, नेपाली छापा पत्रकारिताको पनि समस्या उस्तै उस्तै छन् (हेर्नुहोस् वन्त, पराजुली र पराजुली २०५९, वन्त र पराजुली २०६० तथा पराजुली र वन्त २०६० मा परेका लेखहरू) ।

जानकारी समयमै पाएका छन् । अझ 'फ्ल्यास न्यूज' वा 'ब्रेकिङ न्यूज' का नाममा महत्त्वपूर्ण घटना हुनेबित्तिकै अन्य कार्यक्रम रोकेर पनि समाचार दिने परिपाटी प्रायः रेडियोमा सुरु भएको छ । समग्रमा समाचारको प्रसारणबाट राज्यसत्ताको एकतर्फी सूचनाको प्रवाह र त्यसको साम्राज्यलाई चिर्ने गरी सूचना प्रवाहको वैकल्पिक माध्यमका रूपमा आफूलाई प्रस्तुत गर्ने दिशामा एफएम रेडियो स्टेसन अगाडि बढिरहेका छन् ।

अन्तर्संवाद खण्डमा भएका तीनओटा लेख (अध्याय ९, १० र ११) ले स्वतन्त्र रेडियोका अन्तर्संवाद कार्यक्रमको लेखाजोखा गरेका छन् । पीडित/प्रभावित, आधिकारिक व्यक्ति, विज्ञ, आदिलाई एकै थलोमा ल्याई निश्चित विषयमा बहस गराउँदा एकातिर समस्याले निकासको बाटो लिन सक्छ भने अर्कातिर कार्यक्रम सुनेका श्रोताले बहस भइरहेको विषयमा महत्त्वपूर्ण जानकारी पाउँछन् भन्ने निष्कर्ष यी अध्ययनमा निकालिएको छ । यस्ता अन्तर्संवाद प्रक्रियामा अनेक थरी विषयमा बहस गरिने र समाजका सबै खाले व्यक्तिले भाग लिने गरेको पाइन्छ । यसै हुनाले यो आफैमा प्रजातान्त्रिक पद्धति हो र यसले समाजलाई लोकतन्त्रीकरणतर्फ लाग्न मद्दत पुऱ्याउँछ भन्ने दाबी कोमल भट्टले अध्याय ९ मा गरेका छन् । विभिन्न क्षेत्रमा काम गरिरहेका व्यक्ति जस्तैः उद्योगी, व्यापारी, पत्रकार, सरकारी कर्मचारी, राजनीतिकर्मी, जनप्रतिनिधि, आदिले रेडियोका अन्तर्क्रियात्मक कार्यक्रममा भाग लिँदा उनीहरूको सामाजिक उत्तरदायित्व र जबाफदेहीता पनि बढेको थियो भन्ने निष्कर्ष शेखर पराजुलीले अध्याय १० मा निकालेका छन् ।

स्वतन्त्र रेडियो पत्रकारिता अभ्यासका क्रममा नेपाली भाषाका कार्यक्रम मात्र नभई विभिन्न राष्ट्रिय भाषाका कार्यक्रमले पनि प्रभावकारी प्रस्तुति देखाउन सकेका छन् । अध्याय ११ मा प्रतीक ङेसुर तामाङले तामाङ भाषाका अन्तर्क्रियात्मक कार्यक्रमले तामाङ जाति, धर्म, संस्कृति, भाषा, आदिबारे महत्त्वपूर्ण जानकारी श्रोतालाई दिन सकेको विश्लेषण गरेका छन् । आफूलाई तामाङ भन्न हिनताबोध गर्ने पनि अचेल तामाङ भएकोमा गर्व गर्न थालेका छन् र सोका पछाडि यस्ता रेडियो अन्तर्क्रियाको पनि ठूलो भूमिका छ भन्ने उनको दाबी छ । यद्यपि तामाङ समुदाय र सो समुदायसँग सम्बन्धित संस्थाहरूबाटै पनि पर्याप्त साथ र सहयोग भने ती रेडियो कार्यक्रमलाई प्राप्त हुन सकेन । अर्कातिर एफएम रेडियो स्टेसनले यस्ता कार्यक्रमका जनशक्तिलाई उचित पारिश्रमिक र सुविधा दिने सवालमा समेत अरूसरह व्यवहार गर्न सकेनन् । स्वयंसेवी रूपमा जसले कार्यक्रम चलाए त्यो चल्न सक्यो तर स्टेसनको आफ्नै पहलले यस्ता कार्यक्रम निर्माण हुन सकेनन् । यसले पनि कार्यक्रमको निरन्तरतामा सधैँ प्रश्नचिन्ह उठिरह्यो ।

अन्तर्क्रियात्मक कार्यक्रमका कमी कमजोरी पनि लेखकहरूले केलाएका छन् । कार्यक्रम सञ्चालनको पूर्ण अभिभारा एकै व्यक्तिमा हुनु, त्यसमाथि पनि सो व्यक्ति अन्य काममा व्यस्त हुनाले आवश्यक तयारीको अभावमा कार्यक्रमको प्रभावकारिता खुम्चिएको निष्कर्ष उनीहरूको रहेको छ । एफएम स्टेसनका मालिकले लगानीका हिसाबले यस्ता कार्यक्रम र गीतसङ्गीतका कार्यक्रमलाई उही कोटीमा राखेर व्यवहार गरेकाले आवश्यक स्रोतको अभाव हुने गरेको र परिणामतः त्यसले कार्यक्रमको गुणवत्तामा असर परेको विश्लेषण लेखहरूमा गरिएको छ ।

अन्तमा हामी यो आशा गर्छौं कि प्रस्तुत पुस्तकले स्वतन्त्र रेडियोको वर्तमान अवस्था र भविष्यको सम्भावनाबारेको बहसलाई अझ गहन बनाउन मद्दत पुऱ्याउने छ । र, त्यस्तो सुसूचित अनि गहन बहस, भन्नु परोइन, नेपालमा लोकतन्त्रको भविष्यका लागि पनि उत्तिकै महत्त्वपूर्ण हुनेछ ।[५]

---

[५] यो अध्यायको सम्पादनमा सहयोग पुऱ्याउने रमेश पराजुलीलाई धन्यवाद छ ।